सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री राम प्रसाद श्रेष्ठ
बाट भएको आदेश ।
सम्वत् २०५७ सालको रिट नं. ३५८६
विषयः-परमादेशयुक्त प्रतिषेध ।
काठमाडौं जिल्ला पकनाजोल स्थित नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका अध्यक्ष का.म.न.पा.बडा नं. ३२ बस्ने सुदर्शन सुवेदी ........................................१
ऐ.ऐ.का साधारण सदस्य ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स.बडा नं ५ बस्ने
बाबु कृष्ण महर्जन ..................................................................१ निवेदक

<u>विरुद्ध</u>

श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय.............................................१
शिक्षा तथा खेलकुद मन्त्रालय ....................................................१
शिक्षा विभाग ...................................................................१
विषेश शिक्षा परिषद, शिक्षा तथा खेलकुद मन्त्रालय ................................१
विपक्षी
उच्च माध्यामिक शिक्षा परिषद, सानो ठिमी .......................................१
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ..................................................१
पोखरा विश्वविद्यालय, पोखरा .......................................................१
पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर ...............................................१
काठमाडौं विश्वविद्यालय, धुलिखेल काभ्रेपलाञ्चोक ..................................१
रत्न राज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग .........................................१
नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग ..................................................१
पृथ्वी नारायण क्याम्पस, पोखरा.....................................................१
विशेष शिक्षा एकाई, सानोठिमी.....................................................१

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ तथा ८८ (२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश यस प्रकार छ :-

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र संस्था दर्ता ऐन, २०३४ अर्न्तगत जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएको संगठित संस्थाको म सुदर्शन सुवेदी शारीरिक अपाङ्ग र म वावुकृष्ण महर्जन दृष्टिविहीन व्यक्ति हौं ।

संविधानको धारा ११ (३) को प्रतिवन्धात्मक वाक्याँशमा शारीरिक रूपले असक्त व्यक्तिको संरक्षण गर्न वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था रहेको र अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले अपाङ्गको हक हित कल्याण र संरक्षणका लागि विभिन्न व्यवस्थाहरू गरिएका छन् । ति मध्ये दफा ४ मा अपाङ्गहरूको हितको संरक्षण सम्बन्धी व्यवस्था दफा ५ मा समानताको हकको व्यवस्था र दफा ६ मा शिक्षा तथा तालिम सम्बन्धी व्यवस्था गरिएको छ । तर उल्लेखित कानूनी व्यवस्थाहरूको विपरित विपक्षी निकायहरूले म निवेदक सुदर्शन सुवेदी नेपाल ल क्याम्पसमा अध्ययनरत शारीरिक अपाङ्ग विद्यार्थी हुं, म वावुकृष्ण महर्जन रत्न राज्य लक्ष्मी क्याम्पसमा अध्ययनरत दृष्टिविहीन विद्यार्थी हुं । त्यस्तै धुनलाल गैरे र गणेश शर्मा लगायतका दृष्टिविहीन तथा अपाङ्ग विद्यार्थीहरूबाट शुल्क लिने गरिरहेको र दृष्टिविहीन विद्यार्थीहरूका लागि नभई नहुने ब्रेल पाठ्यपुस्तक उपलव्ध नगराउने

गरेकोले यो निवेदन गर्न आएका छौं । नेपाल अधिराज्यका शिक्षण संस्थाहरूमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूसँग कुनै पनि प्रकारको शुल्क नलिनु लिन नदिनु भन्ने प्रतिषेधको आदेश एवं तिनीहरूसँग लिइएको शुल्क फिर्ता माग्न आए फिर्ता दिनु । दृष्टिविहीन विद्यार्थीहरू सबैका लागि ब्रेल पाठ्यपुस्तक उपलव्ध गर्नु गराउनु, कुनै रोक नगरी सबै अपाङ्गहरूलाई मानवोचित सम्मान गरी गराई संपूर्ण कार्यहरू गर्नु गराउनु भन्ने परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५७/११/२५ गतेको आदेश ।

विपक्षी निवेदकहरूले आफ्नो निवेदनमा उल्लेख गर्नु भएको शुल्क लिने कार्य र ब्रेललिपीमा विश्वविद्यालयका पाठ्यपुस्तक उपलव्ध नगराउने कार्य यस मन्त्रालयबाट भएको हो भनी कहि कतै स्पष्ट र किटानी साथ खुलाउन नसकेको अवस्थामा पूर्वाग्रही भावनाले दिएको आधारहिन रिट निवेदन खारेज गरी पाउँ भन्ने शिक्षा तथा खेलकुद मन्त्रालयको लिखित जवाफ ।

निवेदकहरूले आफ्नो निवेदनमा उल्लेख गर्नु भएको शुल्क लिने कार्य र दृष्टिविहीन अपाङ्गहरूको लागि ब्रेल लिपीमा विश्वविद्यालयका पाठ्यपुस्तक उपलव्ध नगराउने कार्य यस विशेष शिक्षा परिषदबाट भएको हो भनी कहि कतै स्पष्ट र किटानी साथ खुलाउन नसकेको अवस्थामा पूर्वाग्रही भावनाले दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने विशेष शिक्षा परिषदको लिखित जवाफ ।

संविधानको धारा ११ (३) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ४, ५ र ६ मा उल्लेखित कुराहरू मध्ये दफा ४ को व्यवस्था गर्ने कुरा श्री ५ को सरकारको हो, दफा ५ मा उल्लेखित समानताको हकबाट यस त्रिभुवन विश्वविद्यालय र यस मातहत क्याम्पसहरूले कुनै पनि अवस्थामा निवेदकहरूलाई हकबाट बञ्चित गरिएको छैन । स्वयं निवेदकहरूले शिक्षण संस्थाले उक्त ऐनद्वारा प्रदत्त कानूनी हकबाट रोका गरेको भन्न समेत सक्नु भएको छैन भन्ने दफा ६ (१) मा उल्लेखित व्यवस्थाको संदर्भमा यदि कुनै व्यक्तिलाई दफा ३ द्वारा अपाङ्ग निर्धारण गर्ने व्यवस्था अनुसार अपाङ्ग निश्चित गरिएको छ र सो को प्रमाण सहित कुनै व्यक्तिले क्याम्पसमा भर्ना हुँदा जानकारी गराएमा उक्त ऐनको प्रावधान अनुसार ती व्यक्तिहरूलाई शुल्क नलिई भर्ना गरिएको छ । यसरी कुनै व्यक्तिले आफू अन्ध अपाङ्ग भएको भनी क्याम्पसमा निवेदन गरेमा ती व्यक्तिहरूलाई क्याम्पसबाट निःशुल्क छात्रवृति प्रदान गरी आएको छ । क्याम्पसले को अन्ध अपाङ्ग छ भनी खोजी हिड्ने बिषय पनि भएन । क्याम्पसको स्रोत र साधनले भ्याए सम्म विभिन्न किसीमका सेवा उपलब्ध गराउँदै आएको छ । अतः माथि उल्लेखित कारणहरूले गर्दा रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने त्रिभुवन विश्वविद्यालयको लिखित जवाफ ।

श्री ५ को सरकार साधन र स्रोतले भ्याए सम्म अपाङ्गहरूलाई समाजको सक्षम सदस्य एवं सक्रिय रूपमा उत्पादनशील नागरिक बनाउन प्रयत्नशील रहेको छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ६ मा कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नको लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिने छैन भन्ने स्पष्ट व्यवस्था गरेको पाइन्छ । जहाँसम्म त्यस्तो सुविधा पाइएन भन्ने विपक्षीहरूको जिकिर छ सो सम्बन्धमा सम्बन्धित निकायहरूबाट प्राप्त हुने लिखित जवाफबाट स्पष्ट हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने श्री ५ को सरकार मन्त्री परिषद सचिवालयको लिखित जवाफ ।

निवेदक विद्यार्थीहरू पोखरा विश्वविद्यालय अर्न्तगत कुनै क्याम्पसमा भर्ना नभएका हुँदा विपक्षीहरूबाट यस विश्वविद्यालयले कुनै शुल्क नलिएको हुदाँ शुल्क फिर्ता गर्नु पर्ने र दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने गरी परमादेश समेतको कुनै आदेश यस

विश्वविद्यालय उपर जारी हुनु पर्ने अवस्था छैन । यस विश्वविद्यालयले अपाङ्ग र दृष्टिविहीन व्यक्तिहरूका लागि असमान र भेदभावपूर्ण व्यवहार गरिएको छैन । जहाँसम्म दृष्टिविहीनका लागि ब्रेल पाठ्यपुस्तक उपलब्ध गराई पठन पाठनमा समान अवसरको दावी छ सो को हकमा यस विश्वविद्यालय श्री ५ को सरकारको न्यूनतम अनुदान र जनसहभागिता समेतका स्रोतबाट भर्खर मात्रै सञ्चालनमा आएको विश्वविद्यालय भएको हुदाँ दृष्टिविहीन समेतको लागि विज्ञ जनशक्तिको दरबन्दी सृजना गरी ब्रेल पाठ्यपुस्तक सहित पठन पाठन गराउन सकिने सामर्थ्य यस विश्वविद्यालयको नभएको र अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ बमोजिम अपाङ्गहरूको परिभाषामा पर्ने व्यक्तिलाई आवश्यकतानुसार राज्यले विशेष व्यवस्था गरी अपाङ्ग घर निर्माण गर्ने, अपाङ्गको निर्धारण गर्न र उनीहरूको शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी समेतको यथोचित व्यवस्था गर्न र उक्त ऐनको दफा १८ बमोजिम श्रम तथा समाज कल्याण मन्त्रालयले जिल्ला जिल्लामा आवश्यकता अनुसार समाज कल्याण अधिकृत नियुक्त गर्न अनुसन्धान गर्ने गराउने दफा २० मा अपाङ्ग सम्बन्धी नीति र कार्यक्रम योजना श्री ५ को सरकारले समाज कल्याण परिषदसँग समन्वय गरी गर्ने र दफा २३ बमोजिम अपाङ्ग हित संरक्षण र कल्याण सँग सम्बन्धित कुराहरूमा मुलुकको साधन स्रोत, आवश्यकता हेरी श्री ५ को सरकारले आदेश वा निर्देशन गरी यथोचित व्यवस्था मिलाउने कानूनी व्यवस्था गरिएको हुँदा यस विश्वविद्यालयको नाममा रिट जारी हुनुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने पोखरा विश्वविद्यालयको लिखित जवाफ ।

यस क्याम्पसले छुट्टै त्यस्तो कुनै विद्यार्थीका सम्बन्धमा आफै निर्णय गर्न सक्ने अवस्था छैन् । त्रिभुवन विश्वविद्यालय अर्न्तगतको एक क्याम्पस भएको र त्रिभुवन विश्वविद्यालयले बनाई दिएको नीति निर्देशन पालना गरी कार्य गर्नु पर्ने भएको हुँदा विपक्षीहरूलाई पर्न गएको मर्का पनि त्रिभुवन विश्वविद्यालयबाट नै आफ्नो नीतिमा व्यवस्था गरेमा स्वत यस क्याम्पसले विपक्षीहरूलाई निवेदनमा उल्लेखित सेवा सहुलियत उपलब्ध गराउन सक्ने हुँदा त्रिभुवन विश्वविद्यालयलाई विपक्षी बनाई सके पछि यस क्याम्पसलाई विपक्षी नबनाएको भए पनि हुने थियो, तसर्थ निवेदकहरूका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले व्यवस्था गरी यस क्याम्पसलाई निर्देशन दिएमा निवेदकहरूलाई उक्त निवेदन व्यहोराको सुविधा दिन सक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने पृथ्वी नारायण क्याम्पस, पोखराको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा बढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल फाइल अध्ययन गरी निवेदकहरूका तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरू श्री लक्ष्मण प्रसाद ज्ञवाली, राजु प्रसाद चापागाँई, टेक चन्द्र ताम्राकार र चन्द्र प्रसाद ज्ञवालीले अन्धा अपाङ्गले आज सम्म पनि अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले व्यवस्था गरे बमोजिमको सुविधा उपभोग गर्न पाएको छैन । अहिले पनि अन्धा अपाङ्गले प्रत्येक शैक्षिक संस्थाहरूमा शुल्क तिरेर अध्ययन गर्नु परिरहेको छ । जवकि अन्धा अपाङ्गलाई खोजेर नै के कस्तो सुविधा दिन सकिन्छ श्री ५ को सरकारले आफैले नीति निर्देशन जारी गरेर अन्धा अपाङ्गलाई सवल नागरिक सरह सक्षम एवं योग्य बनाउनु पर्ने पहल गर्न सक्नु पर्थ्यो । तर त्यस्तो केही नगरी अन्य सबलाङ्ग सरह नै शुल्क लिई रहेको हुँदा अन्धा अपाङ्गहरू साञ्है मर्कामा परिरहेका छन् । त्यसैले अन्धा अपाङ्ग भए पछि निःशुल्क रुपमा शैक्षिक एवं तालिम केन्द्रहरूमा प्रवेश गरी गराई र त्यस्ता अन्धा अपाङ्गसँग पहिले लिईसकेको सेवा शुल्क फिर्ता गरि दिनु भन्ने आदेश गरी पाउँ भन्ने गर्नु भएको वहस र श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेतको तर्फबाट रहनु भएको विद्वान सह न्यायाधिवक्ता श्री टिका बहादुर हमालले अन्धा अपाङ्गले आफ्नो परिचय सहितको सिफारिस सम्बन्धित शैक्षिक संस्था एवं अन्धा अपाङ्गहरूको तालिम केन्द्रमा पेश गरेको अवस्थामा त्यस्ता अन्धा अपाङ्गलाई निःशुल्क रुपमा शिक्षा तथा तालिम दिई रहेको छ र निवेदकले माग गरे अनुसार सिमित रुपमा भए पनि अन्धालाई ब्रेल लिपीमा र बहिरा तथा अपाङ्गलाई त्यस्तै खाले शैक्षिक तालिम केन्द्रमा प्रवेश गराई शिक्षा

तथा तालिम दिईरहेको छ । निवेदकहरूले जिकिर लिए अनुसारको संस्थामा अध्ययन गरी रहँदा के कस्तो शुल्क लिईरहेको छ, सो कुराको पुष्टि हुने गरी कुनै किसिमको प्रमाण एवं पुष्ट्याई गर्न नसकेकोले हकदैया विहीन प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने वहस गर्नु भयो । पोखरा विश्वविद्यालयको तर्फबाट रहनु भएको विद्धान अधिवक्ता श्री मुकुन्द शर्मा पौडेलले पोखरा विश्वविद्यालय एउटा स्वशासित संस्था हो । यस विश्वविद्यालयमा हाल सम्म पनि अन्धा अपाङ्गले शिक्षा प्रवेशको लागि संपर्क गरेका छैन । श्री ५ को सरकारले नीति नियम बनाई लागु गरेमा यस विश्वविद्यालयले परिपालन नै गर्ने छ । तर यी निवेदकहरूको के कस्तो हक हितमा असर पर्ने गरी यस विश्वविद्यालयले काम कारवाही गरेको हो सो कुरा प्रष्ट नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने वहस गर्नुभयो ।

आज निर्णय सुनाउने पेशी तोकिए अनुसार पेश हुन आएको मिसिल फाइल अध्ययन गरी विद्धान कानून व्यवसायीहरूको बहसलाई मध्यनजर राखी रिट निवेदन जिकिर अनुसार रिट जारी हुने नहुने के हो ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

यसमा हामी निवेदकहरू नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका पदाधिकारी एवं नेपाल ल क्याम्पस र रत्न राज्य लक्ष्मी क्याम्पसका अध्ययनरत विद्यार्थीहरू हौं । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अनुसारको निःशुल्क शिक्षा दिनुपर्नेमा सशुल्क लिई अध्ययन गरिरहेका छौं । देश भित्रका सम्पूर्ण अन्धा अपाङ्ग व्यक्तिहरूले निःशुल्क शिक्षा तथा तालिम पाउनु पर्नेमा त्यस्तो केहि सुविधा श्री ५ को सरकारले दिन सकेको छैन । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ४, ५ र ६ ले व्यवस्था गरे अनुसार हामी अपाङ्गहरूले कुनै सुविधा प्राप्त गरेको नहुँदा त्यस्ता सुविधा दिनु दिलाउनु भनी आदेश जारी गरी पाँउ भन्ने मुख्य निवेदन जिकिर र श्री ५ को सरकारले अन्धा अपाङ्गको लागि विभिन्न नीति योजना बनाई सके सम्म लागु गर्दै आएको छ । कतिपयलाई विभिन्न सुविधा पनि दिदैं आएको छ । निवेदकहरूले आफ्नो अपाङ्गताको सिफारिस सहित सम्बन्धित शैक्षिक संस्थामा निवेदन दिएको अवस्थामा निःशुल्क अध्ययन गर्न सक्ने नै छ तर रिट निवेदनबाट निवेदकहरूले कुनै पनि कारवाही गरेको नदेखिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय समेतको लिखित जवाफ रहेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । तर महिला, वालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने छ भन्ने उल्लेख भएको छ । त्यस्तै धारा २६ (९) ले राज्यले अनाथ वालवालिका, असहाय, महिला, वृद्ध, अपाङ्ग र असक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ भन्ने पाइन्छ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को प्रस्तावनामा अपाङ्गहरूको हितको संरक्षण तथा संवर्द्धन गर्न अपाङ्ग हुने परिस्थितिका रोकथाम गरी निराकरण गर्न अपाङ्गहरूको स्वास्थ्य, शिक्षा, स्याहार, तालिम र उनीहरूको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी आवश्यकता व्यवस्थाहरू गरी अपाङ्गहरूलाई समाजकै सक्षम सदस्य एवं सकृय रुपमा उत्पादनशील नागरिक बनाउन वाञ्छनीय भएकोले श्री ५ महाराजधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ भनी मिति २०३९/८/६ मा लाल मोहर तथा प्रकाशन लागु भई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १ (१) मा तालिम सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्ने छ र उपदफा (३) मा अन्धा, बहिरा र सुस्तमनःस्थिति भएकालाई शिक्षा दिने विशेष प्रकारको व्यवस्था गर्न सकिने छ भन्ने उल्लेख भएको देखिन्छ ।

यसमा यी निवेदकहरूले नेपाल ल क्याम्पस र रत्न राज्य लक्ष्मी क्याम्पस, काठमाडौंमा अध्ययनरत विद्यार्थीहरू समेत रहेको र तिनीहरू अध्ययनरत रहेका क्याम्पसहरूले आवश्यक शुल्क लिई प्रवेश दिई अध्ययन गराईरहेको पाइन्छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ६ अनुसार अपाङ्ग, अन्धा, बहिरा जस्ताले नेपाल अधिराज्य भित्र रहेको सार्वजनिक शैक्षिक संस्था विद्यालय तथा विश्वविद्यालय एवं तालिम केन्द्रमा नि:शुल्क भर्ना भै अध्ययन गर्न पाउने वा तालिम लिन सक्ने भन्ने व्यवस्था गर्न सक्ने छ भन्ने उल्लेख भएको पाइन्छ । तर श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय एवं शिक्षा तथा खेलकुदको मन्त्रालय समेतको लिखित जवाफबाट अन्धा, अपाङ्ग, बहिरा जस्तालाई नि:शुल्क रुपमा अध्ययन तथा तालिम दिने व्यवस्था व्यक्ति विशेषको लागि गर्न सकेको छैन भन्ने लिखित जवाफबाट देखिन्छ ।

मिति २०३९/८/६ मा लागु भएको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ६ मा शिक्षा तथा तालिमको व्यवस्था भन्ने शिर्षक दिई उपदफा (१) मा कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नका लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिने छैन भन्ने उल्लेख भएको पाइन्छ । त्यस्तै उपदफा (२) मा अपाङ्गलाई शिक्षा दिने शिक्षकहरूलाई उपयुक्त तालिम सम्बन्धी आवश्यक व्यवस्था गर्न सकिने छ र उपदफा (३) मा अन्धा, बहिरा र सुस्तमन:स्थिति भएकालाई शिक्षा दिने विशेष प्रकारको व्यवस्था गर्न सकिने छ भन्ने कानूनी प्रावधान रहेको देखिन्छ ।

उपरोक्त कानूनी व्यवस्थालाई हेर्दा कुनै पनि अपाङ्गले आफू शिक्षा प्राप्त गर्नको लागि कुनै शिक्षण संस्थामा निवेदन दिई भर्ना हुन चाहेमा वा भर्ना भईसकेका अपाङ्गहरूले नि:शुल्क रुपमा शिक्षा प्राप्त गर्न सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । तर पनि मन्त्री परिषद सचिवालय तथा शिक्षा तथा खेलकुद मन्त्रालयको लिखित जवाफमा अनिवार्य रुपमा कुनै पनि अन्धा, अपाङ्ग र सुस्तमन:स्थिती भएका व्यक्तिलाई शिक्षा तथा तालिम दिने व्यवस्था गरिएको छैन भन्ने उल्लेख भएको पाइन्छ । कुनै पनि कल्याणकारी सरकारले आफ्नो नागरिकलाई सक्षम बनाउन आफ्नो क्षमताले भ्याए सम्म हरेक किसिमका सुविधा दिई सक्षम एवं योग्य बनाउन चाहेको हुन्छ । श्री ५ को सरकारले पनि देश भित्र छरिएर रहेका अपाङ्ग, अन्धा र सुस्तमन:स्थिति भएका व्यक्तिको लागि विशेष प्रकारको संरक्षण गरी विशेष प्रकारको शिक्षा तथा तालिम दिने भनी आफैले मिति २०३९/८/६ मा नै ऐन बनाई सो ऐनमा व्यवस्था भएको कानूनी प्रावधान लागु गर्न श्री ५ को सरकारको कर्तव्य हुन जान्छ । तर रिट निवेदन तथा विपक्षी मन्त्री परिषद सचिवालय समेतको लिखित जवाफबाट उक्त ऐनमा भएको कानूनी व्यवस्था भए गरेको पाइएन । तसर्थ अन्धा, अपाङ्ग, बहिरा तथा सुस्तमन:स्थिति भएका व्यक्तिहरूलाई नेपाल अधिराज्य भरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा नि:शुल्क भर्ना गरी गराई निजहरूबाट भर्ना भए पछि कुनै पनि किसिमको सेवा शुल्क नलिनु, लिन नलगाउनु भनि विपक्षीहरूका नाउँमा निर्देशात्मक आदेश जारी हुने ठहर्छ । प्रस्तुत रिटको आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेतलाई पठाई दिनु । फाइल नियम बमोजिम बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा म सहमत छ ।

न्यायाधीश

इति सम्वत २०६० साल कार्तिक २८ गते रोज ६ शुभम् ...................

**अपाङ्गहरूको निःशुल्क शिक्षाको सवालमा**
**सम्मानित सर्वोच्च अदालतले**
**इति सम्वत् २०६० साल कार्तिक २८ गते रोज ६ मा**
**भएको फैसला**

**प्रकाशक**

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
पो.ब.नं. १९४०८, काठमाडौं
फोन : ०१ ५१५५१३४ फ्याक्स :५१५५१३४ इमेलः dhrc@wlink.com.np